## संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम

## प्रेस विज्ञप्ति

धनी राष्ट्रहरूले मानव विकासको लक्ष्य हासिल गर्दैगर्दा गरिब राष्ट्रहरूमध्ये आधा राष्ट्रहरु झन पछि परेको संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको निष्कर्ष

बढ्दो राजनीतिक ध्रुवीकरण र अविश्वासका कारण विश्वव्यापी चुनौतीहरूको सामानामा गतिरोध

**१४ मार्च २०२४** - असमान विकासको गतिले सबैभन्दा गरिबलाई झन पछाडि धकेल्दै असमानता र राजनीतिक ध्रुवीकरण विश्वव्यापी स्तरमै बढ्दै गइरहेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम ९यूएनडीपी० द्वारा सार्वजनिक गरिएको नयाँ मानव विकास प्रतिवेदनले सामूहिक पहलमार्फत उत्पन्न गतिरोध तत्कालै समाधान गरिनुपर्ने औंल्याएको छ ।

"गतिरोधको अन्त्यः ध्रुवीकृत विश्वमा सहकार्यको पुनर्कल्पना" शीर्षकको सन् २०२३÷२४ को मानव विकास प्रतिवेदनले विश्वव्यापी मानव विकास सूचकांक ९एचडीआई० मा आएको सुधारलाई आंशिक, अपूर्ण र असमान रहेको देखाएको े छ । मानव विकास सूचकांकले कुनै पनि देशको प्रतिव्यक्ति कुल राष्ट्रिय आय, शिक्षा र औसत आयु मापन गर्दछ ।

**मानव विकास सूचकांकमा नेपालको स्थिति**

**नेपालको मानव विकास सूचकांक मान ०.६०१ छ, जसअनुसार नेपाल मध्यम मानव विकास श्रेणीमा पर्दछ र १९३ वटा देश र भूभागहरू मध्ये १४६ औं स्थानमा रहेको छ । सन् २०२१ मा नेपाल १४९औं स्थानमा थियो । सन् २०२१ को तुलनामा नेपालको मानव विकास सूचकांकमा ०.०१० ले प्रगति गरेको जुन विश्वव्यापी औसत ०.००४ भन्दा बढी हो ।**

**मध्यम मानव विकास श्रेणी भन्नाले मानव विकास सूचकांकको मान ०.५५० देखि ०.६९९ बीचको श्रेणीलाई जनाउँछ ।**

**सन् १९९० देखि २०२२ को बीचमा, नेपालको जन्ममा सरदर आयु १५.७ बर्षले, विद्यालय जाने औसत बर्ष ५.४ प्रतिशतले र विद्यालय जाने अपेक्षित बर्ष २.१ बर्षले परिवर्तन भयो । यसैगरी, नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय ९जीएनआई० करिब १६५.७ प्रतिशतले परिवर्तन भयो ।**

**सन् २०२२ मा महिलाहरुको मानव विकास सूचकांक ०.५६२ र पुरुषहरुको ०.६३५ रहेको छ, जसका कारण लैङ्गिक विकास सूचकांकको मान ०.८८५ हुन आउँछ ।**

विश्वव्यापी असमानताहरूलाई आर्थिक केन्द्रीकरणले झन बढाएको छ । प्रतिवेदनमा उल्लेख गरिए अनुसार वस्तुको विश्वव्यापी व्यापारको ४० प्रतिशत हिस्सा तीन वा त्यो भन्दा पनि कम देशहरूमा केन्द्रित छ । सन् २०२१ मा विश्वका प्रत्येक तीन वटा ठूला प्रविधिसम्बन्धी कम्पनीहरूको बजार पूँजी ९० प्रतिशत भन्दा बढी देशहरूको कुल गार्हस्थ उत्पादन ९जीडीपी० भन्दा बढी हुन पुगेको थियो ।

"प्रतिवेदनले दुई दशक अघि धनी र गरिब राष्ट्रहरुबीचको असमानता घट्दै गइरहेको क्रम हाल उल्टिन गएको खुलासा गरेको छ । समाजहरूबीचको विश्वव्यापी अन्तर सम्बन्धका बाबजुद पनि हामी असफल हुंदै गइरहेका छौं । प्रतिवेदनले औंल्याएका चुनौतिहरूको सम्बोधन गर्न हाम्रा अन्तरनिर्भरताका साथै हाम्रा क्षमताहरूको सबलीकरण गर्नुपर्छ," संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम ९यूएनडीपी०का प्रमुख अकिम स्टाइनरले भन्नुभयो । "यसले ठूलो मानवीय क्षति निम्त्याउन सक्छ । जलवायु परिवर्तन, डिजिटीकरण वा गरिबी र असमानताको क्षेत्रमा सामूहिक रुपमा काम गर्न नसक्नुले मानव विकासमा बाधा पारेको छ। साथै ध्रुवीकरणलाई पनि तीव्र बनाउंदै विश्वभरका मानिस र संस्थाहरूमाथिको आस्था झन  कमजोर हुने खतरा छ ।

**"नेपालले विगत ५ दशकहरूमा प्रगति गरेतापनि, कोभिड महामारी पछि यो प्रगतिमा गतिरोध आएको छ - जुन युवाहरूको लागि मर्यादित रोजगारी, स्थानिय र सामाजिक असमानता, आर्थिक वृद्धि, साथै संस्थाहरूमाथिको विश्वाससँग सम्बन्धित छ । तीनै तहका सरकारहरूबीच मात्र नभई निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र आम जनतासँग पनि सहकार्य गर्नु अपरिहार्य छ । संघीय सरकारले पारदर्शिता, जवाफदेहिता र निष्ठामा बढी ध्यान दिनुपर्नेस प्रादेशिक र स्थानीय सरकारहरूले योजना र सेवा प्रवाह बढाउनेस साथै नागरिक समाज संगठनले आशा र विश्वास पुनर्जीवित गर्न जनताको सहभागिता र आवाजलाई अझ प्रवर्द्धन गर्न सक्छन् । यसरी बहुपक्षीयताको मार्ग अबलम्बन गरे समाजमा सबैलाई फाइदा पुग्छ"  नेपालका लागि आवासीय प्रतिनिधि, आइशानी मेडागंगोडा लाबेले भन्नुभयो ।**

प्रतिवेदनले विश्वव्यापी लोकतन्त्रमा देखा परेका विरोधाभासले सामूहिक कार्यलाई अगाडि बढाउन बाधक रहेको तर्क गरेको छ ः प्रतिवेदनमा विश्लेषण गरिएको सर्वेक्षण अनुसार विश्वभरि हरेक १० जना व्यक्तिमा ९ जनाले लोकतन्त्रको समर्थन गर्छन।  आधा भन्दा बढी उत्तरदाताले लोकतान्त्रिक प्रक्रियाको आधारभूत नियमहरूलाई बेवास्ता गर्न सक्ने नेतृत्वलाई चुनेको विरोधाभास पाइएको छ । यसैगरी आधाभन्दा बढी मानिसहरूले आफ्नो जीवनमाथि आफ्नो नियन्त्रण नरहेको वा सीमित नियन्त्रण रहेको उल्लेख गरेका छन्, र दुई तिहाइ भन्दा बढीले सरकारले लिने निर्णयहरूमा तिनको अपनत्व घटेकोे विश्वास गर्छन् ।

बढ्दो राजनितिक ध्रुवीकरणले विश्वव्यापी प्रभाव पारिरहेको छ । यसले शक्तिहीनताको भावनाका साथै आफूमुखी नीतिको दृष्टिकोणलाई बढावा दिइरहेको प्रतिवेदनका लेखकहरु बताउँछन् । कार्बन उत्सर्जनमा आधारित अर्थतन्त्र, डिजिटल प्रविधिको दुरुपयोग र द्वन्द्वजस्ता समस्या  विश्वव्यापी सहकार्यका बाधक रहेको बताएका छन् । द्रुत रुपमा विकसित हुँदै आर्टिफिसियल इन्टेलिजेन्स, जलवायु परिवर्तनका कारण सन २०२३ मा बृद्धि भएको किर्तिमानी तापक्रम  निकै चिन्ताजनक  विषय बन्यो । यो संकटलाई सामना गर्न तत्काल एकताबद्ध कदम आवश्यक छ ।

प्रतिवेदनले आजको युगमा विश्वव्यापीकरणको विकल्प नरहेको, र आर्थिक अन्तरनिर्भरता उच्च रहेको उल्लेख गरेको छ । विश्वको कुनै पनि देश आफैमा आत्मनिर्भर छैनन् किनभने सबै अन्य देशहरूबाट कम्तीमा २५ प्रतिशत वा कुनै एक प्रकारको वस्तु वा सेवाहरूको आयातमा निर्भर रहेको देखाएको छ ।

## प्रतिवेदनका केही मुख्य तथ्याङ्कहरु

सन् २०२३ मा आर्थिक सहायता र विकास संगठन ९ओइसीडी० का सदस्य रहेका सबै ३८ वटा राष्ट्रहरूले सन् २०१९ मा तीनले प्राप्त गरेको सूचकांकको तुलनामा मानव विकास सूचकांक ९एचडीआई० उच्च अंक हासिल गरे ।

सन् २०२० र÷वा २०२१ मा आफ्नो मानव विकास सूचकांकमा गिरावट सामना गर्ने ३५ अति कम विकसित देशहरु मध्ये आधा भन्दा बढी ९१८ वटा देशहरू०ले अझै पनि सन् २०१९ को स्तरको मानव विकास पुनस्र्थापित गर्न सकेका छैनन् ।

सबै विकासशील क्षेत्रहरूले सन् २०१९ अघि कायम रहेको मानव विकास सूचकांकको अपेक्षित गतिलाई हासिल गरेका छैनन् । यसकारण उनीहरु कम मानव विकास सूचकांकको क्रमतिर गएकोले भावी मानव विकास प्रगतिमा सम्भावित स्थायी अवरोधहरू आउन सक्ने सङ्केत गर्दछ ।

मानव विकासको असर सबैभन्दा बढी अफगानिस्तान र युक्रेनमा परेको छ । अफगानिस्तानको मानव विकास सूचकांक दश वर्ष पछि धकेलिएको छ भने युक्रेनको मानव विकास सूचकांक स्तर सन् २००४ यताकै सबैभन्दा कम भएको छ ।

प्रतिवेदनको पूर्ण पाठका लागि, हेर्नुहोस्ः https://hdr.undp.org/human-development-report-2023-24

## सञ्चारकर्मीहरुका लागि सम्पर्क

थप जानकारीको लागि वा अन्तर्वार्ता अनुरोध गर्न, सम्पर्क ः

ऋचा रञ्जितकार

संचार विश्लेषक

richa.ranjitkar@undp.org

९८५१००३५३४

धर्म स्वर्णकार

आर्थिक सल्लाहकार

dharma.swarnakar@undp.org